# ALL INDIA RADIO GANGTOK
## NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 05.08.2024

**स्टेड एसेमली**

राज्य विधानसभाको पाँच दिने लामो बजट आजदेखि आरम्भ भएको छ।
अधिवेशनको पहिलो दिन मुख्यमन्त्री तथा वित्त विभागका प्रभारी मन्त्री श्री प्रेमसिंह तामङले 2024-2025 सालका निम्ति चौध हजार चार सय नब्बे करोड़ सड़सठी लाख रूपियाँको बजट प्रस्तुत गर्नुभयो।

यसमा 2018-2019 सालको बजटको तुलनामा एस सय नौ प्रतिशतको उल्लेखनीय वृद्धि देखिएको छ।

यसअघि एघारौं सिक्किम विधानसभाको बजट सत्रलाई सम्बोधन गर्दै राज्यपाल श्री ओमप्रकाश माथुसले राज्यले विशेष गरी स्वास्थ्य, क्षेत्र, पर्यटन, कृषि, महिला सशक्तिकरण विनिर्माण क्षेत्र, पर्यावरर्णीय स्थिरता र संतत विकासको लक्ष्यमा हासिल भएका उपलब्धिहरूको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो सरकारले राज्य बजटको पन्ध्र प्रतिशतभन्दा अधिक राशि शिक्षा क्षेत्रका लागि आंबटित गरेको छ अनि शिक्षाको बुनियादी ढाँचा र सुवाधाको दिशामा एक सय पाँचवटा नयाँ स्कूल भवनहरूका निर्माण र वर्तमान संरचनाहरूको नवीकरण गरिएको छ।

स्वास्थ्य क्षेत्रबारे बोल्दै श्री माथुरले भन्नुभयो राज्यमा संस्थागत जन्म दर चौरानब्बे दशमलउ सात प्रतिशत र पूर्ण टीकाकरण 97.9 प्रतिशत छ जो राष्ट्रिय औसतभन्दा अधिक हो।

सबै जिल्लामा स्वास्थ्य सम्बन्धी बुनियादी ढांचामा उल्लेखनीय वृद्धि भएको कुरो बताउँदै उहाँले भन्नुभयो मुख्यमन्त्री स्वास्थ्य सुविधा योजना र मुख्यमन्त्री चिकित्सा सहायता योजनाको माध्यमद्वारा वित्तीय सहयोग प्रदान गरिएकोले समाजका विभिन्न वर्गले स्वास्थ्य सेवाको उपयोग गर्न सकेका छन्।

राज्यपालले भन्नुभयो मुख्यमन्त्री स्वास्थ्य सुविधा योजना अन्तर्गत सात हजार सात सय भन्दा धेरै रोगीहरूलाई एकतीस करोड़ रूपियाँ भन्दा अधिक राशि वितरण गरियो।

आफ्नो अभिभाषणमा राज्यपालले भन्नुभयो सिक्किमले विभिन्न केन्द्रीय र राज्य योजनाहरूको प्रभावी कार्यान्वयनको माध्यमले ग्रामीण विकासको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ जसमा सुरक्षित पेयजल र सड़क सम्पर्कमा सुधारमाथि विशेष ध्यान दिइएको छ।

तथापि उहाँले भन्नुभयो कोविड महामारीको चुनौती र हालैमा आएको बाढीलाई ध्यानमा राखेर सड़क निर्माणमा प्रगति र रखरखाउ, राज्य राजमार्ग र प्रमुख जिल्ला सड़कहरूको विस्तार अनि पुलहरूको माध्यमद्वारा सम्पर्क व्यवस्था बड़ाउन आवश्यक छ।

बजट प्रस्तुत गरेपछि सदनमा बोल्दै मुख्यमन्त्रीले विकसित भारत 2047 को एजेन्डा अनुरूप सिक्किमको आर्थिक विकासमा तीब्रता ल्याउन पाँचवटा महत्वपूर्ण क्षेत्रहरूलाई पहिचान गरिएको कुरो बताउनु भयो।

उहाँले भन्नुभयो बजटमा युवा रोजगारमा सुधार, राज्यलाई स्वास्थ्य सेवा तथा कल्याण केन्द्रको रूपमा विकसित गर्ने, कृषि तथा खाद्य प्रशोधनमा नवीन अभ्यास लागू गर्ने, पर्यटन र सूक्ष्म लघु तथा मध्यम उद्यम क्षेत्रहरूको प्रवर्ध्यन अनि नागरिक सुविधा र पूर्वाधारमा वृद्धि जस्ता प्रमुख विषयहरूलाई प्राथमिकता दिइएको छ। बजटमाथि बहस तथा मतदान भोलि हुनेछ।

सदनमा आज एउटा नयाँ र दुईवटा संशोधन विधेयकहरू प्रस्तुत गरियो।

वित्त मन्त्री श्री प्रेमसिंह तामङ्ले सिक्किम अधालत शुल्क तथा दस्तावेज स्ट्याम्प संशोधन विधेयक 2024 र सिक्किम अनलाइन गेमिङ नियमन संशोधन विधेयक 2024 अनि पर्यटन मन्त्री श्री थेण्डुप छिरिङ भुटियाले सिक्किम पर्यटन व्यापार पञ्जीकरण विधेयक 2024 प्रस्तुत गर्नुभयो।

## एनाउन्चमेन्ट

यसैवीच प्रादेशिक समाचार अकांशले राज्य विधानसभामा आज भएको कार्यवाहीमाथि समीक्षा वार्ता प्रसार गर्नेछ।

यसलाई अहिले भुटिया समाचारपछि छ बजेर पचपन्न मिनटमा सुन्न सकिनेछ।

## नेभा(Neva) प्लेटफार्म

यसैवीच सिक्किम विधानसभाले नयाँ पहल अन्तर्गत विधानसभा सत्रसित सम्बन्धित दस्तावेज तथा कागजपत्रहरू अवउसो नेशनल ई विधान एपलिकेशन नेभा प्लेटफार्मद्वारा डिजीटल रूपमा अपलोड गर्नेछ।

यसलाई www.sikki,.neva.gov.in वेवसाइट मा हेर्नसकिनेछ।

## मिनिस्टर भिजिट

वन तथा पर्यावरण मन्त्री श्री पिन्छो नाम्गेल लेप्चाले हिजो जंगु स्थित लिङथेम लिङदेम ग्राम पञ्चायत इकाई अन्तर्गत लिङदेम तातोपानीको भ्रमण गर्नुभयो।

उहाँले अप्पर जंगुमा पर्यटन स्थल निर्माण कार्यको पनि निरीक्षण गर्नुभयो।

मन्त्रीले विभागीय अधिकृतहरूलाई निर्माण कार्यको गतिलाई अधिकृतहरूलाई निर्माण कार्यको गतिलाई बढ़ाएर गुणवत्ता कायम राखी समयमा काम पूरा गर्ने निर्देश दिनुभएको छ।

**पाक्योङ मिटिङ**

पाकिम जिल्ला प्रशासनिक केन्द्रमा आज जिल्ला कौशल समितिको समन्वय बैठक बस्यो।

जिल्लाधीश श्री अगवाने रोहन रमेशले अध्यक्षता गर्नुभएको बैठकमा क्षमता निर्माणसित सम्बन्धित विभिन्न संस्थानका प्रतिनिधिहरू सहभागी बने।

यसमा दीर्घकालसम्म आजीविका धान्नका लागि व्यक्ति विशेषलाई व्यावहारिक कौशलमा सशक्त बनाउनुपर्ने खाँचोमाथि जोड़ दिनुभयो।